नेपाल सरकार
चिकित्सा शिक्षा आयोग

☎ ६६३९४१३, ६६३९४१४
६६३९४१५, ६६३९४१६
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

मिति २०७८।१।७

**विषय : नेपाली नागरिकताको प्रमाणपत्र समावेश नगर्ने आवेदकहरुकालागि अत्यन्त जरुरी सूचना ।**

चिकित्सा शिक्षा आयोगबाट शैक्षिक सत्र २०७७/७८ मा स्नातक तहको विभिन्न कार्यक्रममा भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षामा नेपाली परीक्षार्थीका रुपमा आवेदन फाराम भर्ने परीक्षार्थीहरुले चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा कार्यविधि, २०७७ को बुदा नं ८ (१) 'ख' अनुसार नेपाली आवेदक भए नेपाली नागरिकताको प्रमाण पत्र वा राहदानी पेश गर्नु पर्ने व्यवस्था रहेको साथै चिकित्सा शिक्षा आयोगबाट मिति २०७७/१२/३ मा प्रकाशित सूचनामा समेत सो विषय जानकारी गराइएकोमा कतिपय परीक्षार्थीले नेपाली नागरिकताको प्रमाण पत्र समावेश गरेको पाइएन । परीक्षार्थीले प्राप्त गर्ने योग्यताक्रमको आधार तथा आरक्षणको कोटाबाट छात्रवृत्ति सिटमा समेत यसै परीक्षाबाट छनोट हुने भएको र छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३ मा नेपाली नागरिक बाहेक अरुलाई छात्रवृत्ति नदिइने स्पष्ट व्यस्था भएकोले नेपाली नागरिकताको प्रमाण पत्र पेश नगरी आवेदन फाराम भर्ने परीक्षार्थीले २०७८ जेष्ठ मसान्त सम्म नेपाली नागरिकताको प्रमाण पत्र अनलाइन मार्फत अपलोड गर्न सूचित गरिन्छ, अन्यथा आवेदन फाराम स्वीकृत नहुने व्यहोरा सम्बन्धित सवैमा जानकारी गराइन्छ ।

परीक्षा निर्देशनालय
चिकित्सा शिक्षा आयोग

Scanned with CamScanner